# मिथिला नगरपालिका
# धनुषा
# सीप विकास तालिम संचालन सम्बन्धि
# कार्यक्षेत्रगत शर्त (Term of Reference)

**१.पृष्ठभूमी**

देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न यस नगरपालिकाले युवाहरुलाई सीप विकास र रोजगार तथा स्वरोजगारका उपयुक्त अवसर उपलब्ध गराइ युवा वर्गको क्षमतालाई राष्ट्रिय विकासको मुलधारमा ल्याउनु जरुरी भएको छ । मुलुकको जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार अनुकुलको ज्ञान र सीप प्रदान गरी रोजगारीका अवसरहरु प्राप्त गर्न सक्ने बनाउनु राज्यको प्रमुख दायित्व हो। नगरपालिकाको बेरोजगारी समस्यालाई न्यूनिकरण गर्न विभिन्न सीपमुलक तालीम सञ्चालन गर्ने दिशामा नगरपालिका रहँदै आएका छ । नगरपालिकाद्धारा संचालन गर्ने तालिमहरु गुणस्तरिय,बजारमुखी, व्यावहारिक, स्वरोजगार मुलक एवं रोजगारमुखी बनाई सञ्चालन गर्नु आवश्यक देखिएको छ ।

नगरपालिकाको पहिलो प्राथमिकता स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका सीपमुलक तालिमहरु संचालन गरी युवा युवतीहरुलाई स्वरोजगार बनाउने हो भने दोस्रो राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा पनि बिक्ने खालका जनशक्ति तयार गर्ने रहेको छ । यसै उद्धेश्य प्राप्तीको लागी चालु आ.व. २०७५/०७६ मा संचालन हुने विभिन्न सीपमूलक तालिम कार्यक्रम संचालन गर्ने योजना रहेकोले सो तालीम सञ्चालनका लागि यो कार्य निर्देश शर्त (ToR) तयार गरिएको छ ।

**२.कार्यक्रमको लक्ष्य तथा उद्देश्य**

**लक्ष्य**

सीपमुलक तालिमको माध्यमबाट स्वदेशी श्रम बजार तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त जनशक्ति तयार गरी स्थानिय स्तरमा रोजगारी सिर्जना गरी बेरोजगारी घटाउने ।

**उद्देश्य**

- नगरपालिका क्षेत्रका युवा ,महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्र समेतको पहुँच हुने गरी सीपमुलक तालिम प्रदान गर्ने ।
- सीप तथा व्यावसायिक तालीमका अवसरहरु वृद्धि गरी यस्ता तालीमहरु सेवाग्राहीको निकटमै सञ्चालन गरी स्वरोजगारको अवसर सिर्जना गर्ने वातावरण तयार गर्ने ।
- स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष, सीपयुक्त श्रमशक्ति विकास गरी बेरोजगारी न्यूनीकरण गर्ने ।
- रोजगार केन्द्रित लगानीको माध्यमवाट रोजगारीका अवसर तथा संभावनाहरु उजागर गर्दै निर्धारित क्षेत्रमा निश्चित अवधिभित्र सीपयुक्त श्रमशक्ति तयार गर्ने ।

**तालीम कार्यक्रम समाप्त भए पश्चात निम्न उद्देश्यहरु हासिल हुनेछन् :**

- रोजगारीमा महिला, युवा, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, द्वन्द प्रभावित, अति विपन्न परिवार तथा सीमान्तकृत क्षेत्र र समूहका व्यक्तिहरुको पहुँचमा वृद्धि भएको हुनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरुप सीपयुक्त श्रमशक्ति तयार भइ रोजगारीमा पहुँच बढ्नाले बेरोजगारी घटेको हुनेछ ।

## ३.    तालिम प्रदायकको कार्यक्षेत्र र गर्नुपर्ने कामहरु

क.तालिम संचालन गर्ने तालिम प्रदायक (परामर्शदाता)हरुको योग्यता निम्नानुसार हुनेछ ।

१. तालिम संचालनको उद्वेश्य राखी नेपाल सरकारको कम्पनी रजिस्टार, घरेलु तगा साना उद्योग कार्यालय वा अन्य निकायमा दर्ता भएको र चालु आ.व.को लागी नविकरण /अध्यावधी गरेको पत्र ।

२. प्रचलित कानून अनुसार स्विकृति संबन्धन लिनुपर्ने विषयहरुमा तालिम संचालनको लागी CTEVT बाट स्वीकृती वा संबन्धन हुनुपर्ने । अन्य सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने विषयहरुमा सम्बन्धन लिएको । ड्राईभिङको हकम यातायात व्यवस्था कार्यालयबाट समेत अनुमति लिएको हुनु पर्ने छ ।

४.मू.अ.क.मा दर्ता भएको ।

५.आ.व. ०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्र भएको ।

६.प्रचलित कानुन अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सुचीमा नपरेको ।

**(ख)    तालिम प्रदायक संस्थाहरुले तोकिएका उद्देश्यहरु हासिल हुने गरी देहाय बमोजिमका समूहहरुमा तालीम संचालन गर्नुपर्नेछ ।**

| क. स. | तालीम संचालन गर्ने स्थान | तालीमको विषय | प्रशिक्षार्थी संख्या | तालीम समुह | तलिम अवधी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मिथिला नगरपालिका क्षेत्र भित्र | कम्प्यूटर | | | | |
| २ | ,, | सिलाई कटाई | | | | |
| ३ | ,, | महिलाको सीपमूलक | | | | |
| ४ | ,, | ड्राईभिङ | | | | |
| ५ | ,, | अन्य सीप अभिवृद्धि हुने | | | | |

- तालीम संचालन गर्दा प्रत्येक समूह मा २० जना प्रशिक्षार्थी रहनेछन् ।
- काम सन्तोषजनक भएका मूल्यांकन समितिको सिफारिसको आधारमा थप काम समेत दिन सकिनेछ ।
- प्रस्तावित काम परामर्शदाताले सव–कन्ट्राकमा दिन सक्ने छैन ।

**ख)    तालिम प्रदायक ले तालीमका लागि निम्न अनुसारको प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ :**

- पाठ्यक्रममा तोकिए बमोजिमको योग्यता भएका एक समूह (२० जना) को लागी १ जना
- प्रशिक्षार्थी प्रशिक्षक अनुपात २०:१ हुनेछ

**ग)    उक्त तालीम संचालनको क्रममा तालिम प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :**

क)    तालीम संचालन गर्नु पूर्व नगरपालिका सँग समन्वय गरी कार्यक्रम कार्यान्वयन योजनालाई अन्तिम रुप दिनु पर्नेछ ।

ख)    प्रभावकारी रुपले तालीम संचालन गर्न आवश्यक तालीम सामाग्रीहरु समयमा नै प्राप्त/व्यवस्था गर्नुपर्नेछ ।

ग)    तालीम संचालनका सिलसिलामा आवश्यक अन्य व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेवारी तालीम संचालन गर्ने तालिम प्रदायकको नै हुनेछ ।

## ४.    तालिम प्रदायक संस्थाको मुख्य जन शक्तिको काम तथा योग्यता

**क)    कार्यक्रम व्यवस्थापक**

- शैक्षिक योग्यताको हकमा कम्तीमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित क्षेत्रमा स्नातक तह
- उत्तीर्ण गरेको हुनुपर्ने ।
- कार्यक्रम व्यवस्थापक भई हाल कार्यरत रहेको हुनुपर्नेछ ।

**कार्यक्रम व्यवस्थापकले गर्नुपर्ने कामहरु**

- सम्झौता तथा ToR बमोजिमको तालीम प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित अनुगमन गर्ने,

- नगरपालिका सँग मुख्य समन्वयकर्ता भई कार्य गर्ने,
- कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिई गुणस्तर कायम गर्न सहयोग गर्ने,

**ख) प्रशिक्षक**

**प्रशिक्षकले गर्नुपर्ने कामहरु**

- तालीम योजना तयार गर्ने,
- तालीम योजना अनुसार तालीमको पूर्व तयारी गर्ने,
- तालीममा सहभागीहरुबाट र अनुगमनकर्ता तथा सुपरिवेक्षकबाट प्राप्त पृष्ठपोषण लिई गुणस्तरीय तालीमको लागि सुधार ल्याउने,
- तालीम दिंदा आईपर्ने समस्याहरु बारे समयमै सम्बन्धित व्यवस्थापकलाई अविलम्ब जानकारी दिई समस्या समाधान गर्ने ।

**प्रशिक्षकको योग्यता**

- संबन्धित विषयमा CTEVT तह २ पास गरेको
- अथवा CTEVT बाट संबन्धित विषयमा TSLC वा डिप्लोमा गरेका प्रशिक्षक हुनुपर्नेछ
- सहायक प्रशिक्षकको हकमा CTEVT को तह १

## ५. तालिम प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय

नगरपालिका सँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ । साथै सम्पूर्ण तालीम कार्यक्रम **ढिलोमा २०७६ आषाढ २५ गते भित्रमा** सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ६. तालिम प्रदायक संस्थालाई उपलब्ध गराउने सूचना, भौतिक सुविधा र उपकरण आदिको विवरण

तालिम प्रदायक संस्था वा परामर्शदाता ले प्रस्ताव पेश गर्ने सूचना प्राप्त गरे पश्चात प्राविधिक तथा आर्थिक प्रस्ताव प्राप्त गर्ने, प्राप्त प्रस्ताव तयार गरी पेश गर्ने, प्रस्ताव स्वीकृत भएमा नगरपालिका र तालिम प्रदायक बीच सम्पन्न सम्झौताका शर्तहरु बमोजिम तालीम कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु, अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा नगरपालिका मा सम्पर्क गर्नु पर्नेछ । साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा नगरपालिका को आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नु पर्नेछ ।

## ७. तालिम प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रतिवेदन तथा तथ्याङ्क आदिको विवरण

तालीम संचालनका सम्बन्धमा भए गरेका कार्यहरुको विवरण पेश गर्नका लागि तालिम प्रदायकले तालीम संचालन संगसंगै प्रत्येक समूह (Batch) समाप्त हुनासाथ **तालीम सम्पन्न प्रतिवेदन तयार गरी** नगरपालिका मा पेश गर्नुपर्नेछ ।

## ८. प्रस्ताव माग गर्ने र पेश गर्ने सम्बन्धमा

प्रस्तावदाताहरुले आर्थिक र प्राविधिक सहितको प्राविधिक प्रस्ताव नगरपालिका मा प्रस्ताव पेश गर्ने सुचना बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न प्रस्तावित कार्यविधि (Methodology), कार्ययोजना (Work-plan), जनशक्तिको वैयक्तिक विवरण (CV) तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका आवश्यक कागजातहरु तथा निर्देशन महलमा उल्लेख भए बमोजिम समावेश गर्नुपर्नेछ । आर्थिक प्रस्तावमा मू.अ.कर रकम छुट्याई तालीम सञ्चालनको लागि प्रस्तावदाताले सेवा शुल्क सहितको रकम आर्थिक प्रस्तावको ढाँचामा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ । प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सही गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ ।

सार्वजनिक खरिद ऐन नियमावली अनुसार ५ लाख भन्दा मुनिको सेवा परामर्श को लागी संक्षिप्त सूचीमा सूचीकृत भएका तालिम प्रदायकहरुलाई प्रस्ताव सम्बन्धी कागजात उपलब्ध गराई कम्तिमा ७ दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गरिनेछ । प्राविधिक तथा आर्थिक प्रस्तावको मान्य अबधि प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि १२० दिन सम्म हुनेछ । माग गरिएको प्राविधिक र आर्थिक प्रस्तावको संलग्न ढाँचा बमोजिम विवरण भरी समावेश गरी प्रस्ताव तयार गर्नुपर्नेछ । प्राविधिक प्रस्तावतर्फ प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिले आफ्नो हालसालैको

व्यक्तिगत विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरको हुनु पर्नेछ । प्राविधिक प्रस्ताव मूल्यांकन गरेपछि मात्र आर्थिक प्रस्ताव मूल्याकंन गरिनेछ । लागत र गुणस्तर विधि द्धारा आर्थिक प्राविधिक प्रस्ताव मूल्याकंन गरिनेछ । प्रभावकारी रुपमा तालीम संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलावा थप जनशक्ति परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन । प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम नगरपालिका ले चालु आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रममा बाँडफाँड भई आएको श्रोतबाट व्यहोरिनेछ। प्रस्ताव मूल्यांकनको लागि तालीमको गुणस्तरलाई समेत ध्यान दिनु पर्ने भएकोले गुणस्तर र लागत विधि अपनाई यस कामको प्रकृति अनुसार प्राविधिक प्रस्तावको मूल्यांकन देहाय बमोजिमको आधारमा गरिनेछ ।

| क.स | मूल्यांकनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | सम्बन्धित विषयमा तालीम दिइएको अनुभव | २० (दश) |
| २ | कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता(कार्ययोजना समेत) | ३० (तीस) |
| ३ | मुख्य मुख्य जनशक्तिको योग्यता , तालीम र अनुभव | ४० चालिस |
| ४ | प्रविधि हस्तान्तरण तथा तालीम | १० (दश) |
| | **जम्मा** | **१००(सय)** |

प्रस्तावको छनौट गर्न गुणस्तर र लागत विधि अपनाइने भएकोले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गरी सफल प्रस्तावदाताहरुको प्रस्ताव स्वीकृत गरी छनौट गरिनेछ ।

**क) प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{प्राविधिक प्रस्तावको प्राप्ताङ्क} \times ८०}{१००}$$

**ख) आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{आर्थिक प्रस्तावमध्ये सबैभन्दा घटी कबोल अंक} \times २०}{\text{प्रस्तावदाताको आफ्नो कबोल अंक}}$$

ग) (क) र (ख) मा प्राप्त गरेको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्यांकन गर्दा सबै भन्दा बढी अंक पाउने प्रस्तावदाता सफल हुने हुँदा निजलाई छनौट गरिनेछ ।

## ९. तालिम प्रदायक संस्थाको दायित्व

तालिम प्रदायक संस्थाले सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ । उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको तालीमको सम्बन्धमा कुनै सिकायत प्राप्त भई कुनै समूह (Batch) मा पुनः तालीम कार्यक्रम संचालन गर्नुपर्ने भएमा सो तालीम सञ्चालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ । साथै आचरण सम्बन्धमा कुनै सिकायत प्राप्त भएमा आचरण महलमा उल्लेख भए बमोजिम हुनेछ । तालीम सञ्चालनको क्रममा नगरपालिकालाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सोको जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वयम् हुनेछ ।

## १०. तालीम संचालनको अनुगमन तथा सुपरीवेक्षण तथा सिफारिश

तालीम संचालनको क्रममा बीच बीचमा तालीमको अनुगमन/सुपरिवेक्षण गर्न नगरपालिका बाट पदाधिकारी कर्मचारीहरु पनि खटाउन सकिनेछ । खटिएका कर्मचारीहरुले देहायका बुँदाहरु समेत समावेश गरी आफ्नो राय तथा सिफारिस नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

क) तालीम व्यवस्थित रुपमा सम्पन्न भए नभएको ?
ख) तालीम संचालनबाट उल्लेखित उद्देश्य प्राप्ती भए नभएको ?
ग) तालीम संचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधाको व्यवस्था पर्याप्त मात्रामा गरिए/नगरिएका
घ) तालीममा प्रशिक्षार्थीहरुको तोकिएको संख्यामा उपस्थित भए/नभएको सक्रिय सहभागिता रहे नरहेको ?
ङ) तालीम संचालनका लागि निर्धारित ढाँचा तथा प्रक्रिया पुरा गरे नगरेको ?
च) तालीम निर्धारित मिति, समय, स्थान तथा समूहमा संचालन भए नभएको ?
छ) निर्धारित कार्ययोजना अनुसार कार्य सम्पन्न भए नभएको ?

ज) उपयुक्त समय र कार्यालयको निर्धारित ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरे नगरेको ?

झ) तालीम नि:शुल्क रुपमा संचालन भए/नभएको ?

ञ) उक्त तालीम नि:शुल्क रुपमा संचालन भएको व्यानर तयार गरी तालीम स्थल बाहिर (सबैले पढ्न सक्ने गरी) राखिएको छ/छैन ?

ट) तालीममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुले दैनिक हाजिरी दस्तखत गरे/नगरेको ?

ठ) स्वीकृत भएको पाठ्यक्रम अनुसार प्रशिक्षण भए नभएको ?

## ११. आचरण

नगरपालिका तथा परामर्शदाताहरुको लागि देहाय बमोजिमको आचार संहिता लागू हुनेछ।

- छनौट भएको परामर्शदाताले कार्यक्षेत्रगत शर्त (TOR) तथा सम्झौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समायावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ।
- प्रस्ताव पेश गर्दा प्रस्तावदाताहरुले झुठा विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाइने छैन। तर सो बमोजिम गरी प्रस्ताव पेश गरेको जानकारी प्राप्त हुन आएमा सो को छानविन गरी तथा झुठा विवरण समावेश भएको पाईएमा सम्बन्धित प्रस्तावदाताहरुको प्रस्ताव रद्द गर्न समेत सकिनेछ।
- यो सम्झौताको कार्यान्वयनको अवधि तथा यो सम्झौता समाप्त भए पश्चात पनि सेवा संग सम्बन्धित प्राप्त कुनै गोप्य राख्नुपर्ने सूचना वा अन्य कुरा नगरपालिका सँग लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरे सम्म गोप्य नै राख्नुपर्नेछ।
- नगरपालिकाले प्रस्तावमा उल्लेख भए बमोजिम समयमै प्रतिवेदन पेश भए पछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम भुक्तानी दिइनेछ।

## १२. भुक्तानी प्रक्रिया

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरु मध्ये तालीम सञ्चालन सेवा उपलब्ध गराउनका लागि छनौट भईसकेपछि नगरपालिका र सम्बन्धित परामर्शदाता बीच सम्झौता गरिनेछ। उक्त सम्झौतामा परामर्शदातालाई दिईने भुक्तानीका सम्बन्धमा देहाय बमोजिमको शर्त समेत समावेश गरिनेछ।

क) तालिम प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरिसकेपछि नगरपालिकाले तोकिएको ढाँचामा **"कार्य सम्पन्न प्रतिवेदन"** का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजात गाउंपालिका समक्ष पेश गर्नुपर्नेछ।

ख) परामर्शदाताले नगरपालिका समक्ष लिखित निवेदनका साथै Tax Invoice पेश गरी भुक्तानी माग गरेकोमा सो मितिले ७ भुक्तानी दिइनेछ।

## १३. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धी व्यवस्था

क) तालिम प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए बमोजिम तालीम कार्यक्रम सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसकेको कामका लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित परामर्शदाताले नै व्यहोर्नु पर्नेछ।

## १४. विवाद समाधान

क) प्रस्ताव पेश गर्ने तथा पेश भएको प्रस्तावको मूल्यांकनको सम्बन्धमा विवाद उत्पन्न भएमा सम्बन्धित मूल्यांकन समिति समक्ष उजुरी गर्न सकिनेछ। सो विषयमा मूल्यांकन समितिबाट आवश्यक छानविन गरी सो अनुसार विभागीय निर्णयका लागि सिफारिस गरिने र उक्त विभागीय निर्णयबाट नै समस्याको समाधान गरिनेछ।

ख यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

## १५. तालीम संचालन कार्य प्रकृया

१) तालीम प्राप्त गर्ने तालीम प्रदायक फर्म, संस्था वा कम्पनीले यस नगरपालिकाबाट तोकिएको स्थानमा तालीम प्रदान गर्नु पर्नेछ।

२) तालीममा सहभागी हुन इच्छुक प्रशिक्षार्थीका लागी कम्तिमा ७ दिनको सार्वजनिक सूचना गर्नु पर्नेछ । सूचना गर्दा बढी जनसम्पर्क हुने स्थानहरु नगरपालिका कार्यालय, वडा कार्यालय, तथा सार्वजनिक स्थानहरुमा पनि सूचना टाँस गरी मुचुल्का समेत गर्नु पर्नेछ ।

३) तालीमका लागी गरिविको रेखामुनी रहेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाति तथा द्वन्द्व प्रभावित क्षेत्रका युवा, युवतीहरुलाई विशेष प्राथमिकता दिने नीति रहेको हुंदा आवेदन गर्ने इच्छुक प्रशिक्षार्थीहरुमध्ये पिछडिएका वर्ग, जनजाती, मधेशी, मुस्लिम, एकल तथा अन्य महिला र द्वन्द्व प्रभावित लगायतका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

४) तालीमका लागी प्रशिक्षार्थी छनौट गर्दा लक्ष्य भन्दा २० प्रतिशत बढी छनौट गरि प्रतिक्षा सूचीमा राख्नुपर्नेछ । तालीम शुरु भएको ५ दिन सम्म पुरा लक्ष्य अनुसारको प्रशिक्षार्थी तालीममा सहभागी हुन नआएमा प्रतिक्षा सूचीका प्रशिक्षार्थीहरुलाई सहभागी गराई लक्ष्य अनुसारका संख्यामा तालीम प्रदान गर्नुपर्नेछ ।

५) तालीम दिनको बढीमा ६ घण्टा सम्मा संचालन गर्न सकिनेछ । विदा वा वन्द भई समयमा कम हुने अवस्था भएमा अन्य दिन तालीम संचालन गरेर भए पनि तोकिएको कार्य घण्टा पुरा गरेको हुनुपर्नेछ ।

६) तालीमको सुपरिवेक्षण नगरपालिका लगायत तालुक निकायवाट जुनसुकै वखत हुन सक्नेछ ।

७) तालीम सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने गरि संचालन गर्नुपर्नेछ ।

८) तालीम संचालनको अवधिमा नगरपालिका तथा तालुक र मातहतका निकाय तथा पदाधिकारीवाट अनुगमन गरिने भएकोले तालीम संचालनको स्थान, अवधि र अन्य विवरण नगरपालिकामा अग्रीम जानकारी गराउनु पर्नेछ ।

९) तालीम समापन पछि प्रशिक्षार्थीको हाजिरी तथा व्यक्तिगत विवरण लगायत संझौतामा उल्लेखित कुराहरु समावेश गरी तालीम प्रदायकले नगरपालिकामा पेश गर्नु पर्नेछ ।

१०) प्रशिक्षार्थीहरुको लागी आवश्यक पर्ने तालीम सामग्री, प्रयोगशाला, प्रशिक्षण सामग्री लगायतका तालीम संग सम्वन्धित सेवाहरु सेवा प्रदायक संस्थाले तालिम स्थलमा प्रयोगात्मक कार्यको लागी अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

११) तालीम प्रदायकले प्रशिक्षार्थीवाट कुनै शुल्क, दस्तुर आदि उठाउन वा लिन पाउनेछैन ।

१२) तालीम समापन पछि प्रशिक्षार्थीलाई नगरपालिका को समन्वयमा सेवा प्रदायकले प्रमाण-पत्र तयार गरि दिनुपर्नेछ ।

१३) तालीम प्रदायकले तालीम सञ्चालित हुनु अगाडि तालीम सञ्चालन शुरु हुने दिन, दैनिक समयावधि, प्रशिक्षक तथा प्रशिक्षार्थीको विवरण यस नगरपालिका अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

## पाठयकम

तालिम संचालनको लागी नेपाल सरकारको तालिम प्रदायक संस्थाहरु CTEVT व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु, घरेलु कार्यालयहरुले प्रयोग गरेको पाठयकम र मापदण्ड अनुसार तालिम संचालन गरिनेछ । तालिम संचालनको CTEVT नर्म्स अनुसार हुनु पर्नेछ ।

## सीप परिक्षण

तालिम पश्चात सहभागी प्रशिक्षार्थीहरुको सीप परिक्षण गर्ने दायित्व तालिम प्रदायक संस्थाको हुनेछ । र सो को लागि आवश्यक बजेट विनियोजन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।